"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०७९/०८०
चलानी नं. : १२८५

मिति : २०७९/१२/०९

धान बालीको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/१२/०९

नमोबुद्ध नगरपालिका नगरकार्यपालिकाको कार्यालय कृषि बिकास शाखाको आ.व.२०७९/८० को संघीय सशर्त तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत "बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८" बमोजिम खाद्यान्न बालीको उन्नत बीउ प्रयोगकर्ता कृषकलाई ५०% मूल्य अनुदान दिने व्यवस्था रहेकोले यस नगरपालिकाका कृषकहरुले व्यक्तिगत वा संस्थागत रुपमा आफूलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित धान बालीको जात र परिमाण खुलाई यो सूचना प्रकाशित भएको मितिले २० दिन (मिति२०७९/१२/२६ गते) भित्र नमोबुद्ध नगरपालिका कृषि विकास शाखामा रीतपूर्वक आवेदन पेश गरी दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

धान बालीको सिफारिस जात र जातीय विवरणः

| बीउको प्रकृति | जात | सिफारिस वर्ष(वि.सं.) | पाक्ने दिन | उत्पादन क्षमता (मे.टन./हे.) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|---|
| मोटा/मध्यम जात (प्रति किलो बीउको मूल्य रु ५५ | मकवानपुर-१ | २०४४ | १५० | ४.३ | ढुङ्ग्रे कीराको प्रकोप भएको तराई । |
| | सावित्री | २०३६ | १४० | ४.० | तराई र भित्री मधेश। |
| | राधा-१४ | २०७३ | १३२-१३५ | ४.४ | तराई र भित्री मधेश, रिभर बेसिन र उपत्यकाको ७०० मि. उचाई सम्मको सिंचित क्षेत्र |
| | हर्दिनाथ-३ | २०७४ | १२५ | ५.५ | समुन्द्र सतहबाट ७०० मि. उचाई सम्मका तराई, भित्री मधेश, नदि किनार, बेंसी तथा समतल फाँट |
| मसिनो जात (प्रति किलो बीउको मूल्य रु. ६०। | साँवा मन्सुली सब-१ | २०६८ | १४५-१५० | ४.५-४.८ | तराई तथा भित्री मधेश रमध्य पहाडका ५०० मि. सम्मका बेंसीका सिंचित तथा घोल क्षेत्र । |
| | हर्दिनाथ साँवा मन्सुली -१ | २०७७ | १५२ | ४.५-४.८ | समुन्द्र सतह देखि ७०० मि. उचाई सम्मको तराई, भित्री मधेश तथा नदि किनारका बेंसीहरुको संचित एवं आंशिक सिंचा सुबिधा भएको क्षेत्र । |
| | हर्दिनाथ- ६ | २०७८ | १३५ | ५.२१ | समुन्द्र सतहबाट ७०० देखि १५०० मि. उचाई सम्मका तराई, भित्री मधेश तथा टार क्षेत्रहरु (वर्षे सिजनको लागि मात्र) |
| खुमल श्रृङ्खला, मसिनो र बासनादार एवं उच्च पहाडी क्षेत्रका लागि उपयुक्त जातहरु (प्रति किलो बीउको मूल्य रु. ९०) | खुमल-४ | २०४४ | १४४ | ६.३ | काठमाण्डौ उपत्यका तथा समान हावापानी भएको ३००० फिट देखि ४५०० फिट सम्म उचाईको मध्य पहाड |
| | खुमल बासमती-१६ | २०७८ | १३६ | ४.२ | समुन्द्र सतहबाट ७००-१५०० मि. उचाई सम्मको क्षेत्रहरु |
| | सुगन्धित धान-१ | २०७३ | १४२-१४८ | ४.५ | तराई, भित्री मधेश, रिभर बेसिन र उपत्यकाको ७०० मि. उचाई सम्मको सिंचित क्षेत्र |

## आबश्यक कागजातहरु:

- कार्यक्रम माग गर्ने सम्बन्धी नगरपालिकाले तयार गरेको ढाँचा बमोजिमको निवेदन र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि र संस्थागत हकमा संस्थागत निर्णयको प्रतिलिपि ।

..................
०७९/१२/०९
विनोद रसाईली
प्रशासकीय अधिकृत

URL: www.namobuddhamun.gov.np, Email: info@namobuddhamun.gov.np,
namobuddhamun@gmail.com, Facebook Page: www.fb.com/hellonamobuddhamun